## बाढी

### बाढीलाई व्याख्या गर्न प्रयोग गरिएका शब्दहरू थाहा पाउनुहोस्

- बाढीको निगरानी (Flood Watch): बाढी सम्भव छ। निगरानीहरू सम्भावित घटनाभन्दा 12 देखि 36 घण्टा अगाडि राष्ट्रिय मौसम सेवा (NWS) द्वारा जारी गरिन्छन्।
- आकस्मिक बहावको निगरानी (Flash Flood Watch): आकस्मिक बहाव सम्भव छ। उचो भूभागमा सर्न तयार रहनुहोस्। आकस्मिक बहाव चेतावनीबिना नै आउन सक्छ।
- बाढीको चेतावनी (Flood Warning): बाढी आइरहेको छ वा छिट्टै आउनेछ। ठाउँ छोडेर जान सुझाव दिइएको खण्डमा तुरुन्तै निस्कनुहोस्।
- आकस्मिक बहावको चेतावनी (Flash Flood Warning): आकस्मिक बहाव भइरहेको छ। तुरुन्तै उचो भूभाग खोज्नुहोस् र नदी तथा खोलानालाहरूबाट टाढा रहनुहोस्।

### बाढीको अवस्थामा के गर्ने

- यदि तपाईंले बाढीको पानी देखिहाल्नुभयो भने कहिल्यै पनि त्यहाँबाट हिँड्ने वा गाडी चलाउने प्रयास नगर्नुहोस्।
- मिडियामा आउने रिपोर्टहरू हेर्नुहोस्।
- तपाईंको घरजग्गा बाढीको सम्भावना वा उच्च जोखिम भएको स्थानमा छ वा छैन भनी स्थानीय अधिकारीहरूलाई सोध्नुहोस्। बाढीका सादा मानचित्रहरू अधिकांश नगर कार्यालय वा सिटी हलमा उपलब्ध हुन्छन्।
- स्थानीय र राज्य सार्वजनिक सुरक्षा आधिकारीका कुराहरू सुन्नुहोस् र शीघ्र रूपमा उनीहरूको निर्देशिकाहरूमा प्रतिक्रिया जनाउनुहोस्।
- बाढी आउँदा ठाउँ छोडेर जाने सबैभन्दा उत्तम मार्गहरू, सम्भावित सार्वजनिक आश्रय स्थलहरू र उचो भूभाग कहाँ फेला पार्ने भनेर थाहा पाउनुहोस्। आकस्मिक बहावमा, तपाईंले हिँडेर छिटोभन्दा छिटो उचो भूभाग खोज्न आवश्यक पर्न सक्छ।

### बाढीका लागि तयार रहन के गर्ने

- आफ्नो घरमा नालीहरूबाट बाढीले ल्याएको पानी फर्किन नदिनका लागि फोहोर पानी निस्किने नलीहरूमा चेक भल्भहरू जडान गर्नुहोस्।
- आफ्नो घर तयार छ भनी सुनिश्चित गर्नुहोस्। सम्भव हुँदासम्म, बेसमेन्टमा पस्ने बाढीले क्षति पुऱ्याउन सक्ने उपयोगिता सेवा तथा सामग्रीहरूलाई माथि राखेर बेसमेन्टको बाढीबाट हुने क्षतिलाई कम गर्नुहोस्।
- बगेर नजाउन् भनी सुनिश्चित गर्नका लागि इन्धन ट्याङ्कीहरूमा ओट लगाएर वा तिनीहरूलाई बाँधेर राख्नुहोस् जसले गर्दा घरभित्र वा बाहिर सुरक्षा र वातावरणीय समस्या नहोस्।

- पारिवारिक आपत्कालीन किट तयार गर्नुहोस्।
- पारिवारिक सञ्चार योजना बनाउनुहोस्। सम्पर्कको केन्द्र बिन्दुको रूपमा राज्यभन्दा बाहिर बसोबास गर्ने नातेदारलाई तोक्नुहोस्।
- पानी जम्मा भएको, विद्युतका तारहरू लत्रिएको बेला वा तपाईंले ठाउँ छोडेर जानुअघि विद्युत बन्द गर्नका लागि तयार रहनुहोस्। तपाईंले ठाउँ छोडेर जानुअघि ग्यास र पानीका आपूर्तिहरू कसरी बन्द गर्ने भनेर थाहा पाइराख्नुहोस्।
- बाढी बीमा कभरेजका बारेमा छलफल गर्नका लागि आफ्नो बीमा एजेन्ट वा स्थानीय सरकारलाई सम्पर्क गर्नुहोस्।